# आँधिखोला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०७६

पारित मिति: २०७६।०२।०५

**आँधिखोला गाउँपालिका**

**कृषि, स्याङ्जा**

**गण्डकी प्रदेश, नेपाल**

## प्रस्तावना :

आँधिखोला गाँउपालिका भित्र रहेका विद्यालयहरुमा गाँउपालिका शिक्षा ऐन, २०७५ को परिच्छेद ३ को दफा १९ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन कार्यको लागि सहजिकरण गर्दै वि.व्य.स. गठन कार्यमा आएका कठिनाइहरुलाई मध्यनजर राख्दै वास्तविक अभिभावकहरुको विद्यालय व्यवस्थापनमा प्रतिनिधित्व गराइ शैक्षिक, भौतिक, आर्थिक र विद्यालयका समग्र गतिविधिहरुमा थप प्रभावकारीता र गुणस्तर कायम गर्ने उद्यश्यले आँधिखोला गाँउकार्यपालिकाको मिति २०७६/०२/०५ को बैठकको निर्णय अनुसार अव गठन हुने विद्यालय व्यवस्थापन समितिहरुमा देहाय बमोजिम गर्ने व्यवस्था गरिएको छ ।

## परिच्छेद-१

१.१ संक्षिप्त नाम र प्रारम्भ:

१.१.१ यस कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७६ रहेको छ ।

१.१.२ यस कार्यविधि गाँउपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा तुरुन्त लागु हुनेछ ।

१.२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१.२.१ "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्रप्त विद्यालय सम्झनु पर्छ ।

१.२.२ "व्यवस्थापन समिति" भन्नाले स्थानिय शिक्षा ऐन २०७५ को दफा १९ को उपदफा १ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

१.२.३ "सहयोग समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिका सदस्यहरु छनौट गर्न गठित समितिलाई सम्झनु पर्छ ।

१.२.४ "अभिभावक" भन्नाले विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि सोही विद्यालयमा संचालित वाल कक्षा देखि कक्षा १२ सम्ममा अध्ययनरत विद्यार्थीका बाबुआमा, बाजेबज्यै (छोरापट्टीका) लाई सम्झनु पर्छ ।

१.२.५ "चन्दादाता" भन्नाले विद्यालयलाई रकम, घरजग्गा आदि उपलब्ध गराउने व्यक्ति सम्झनु पर्छ ।

१.२.६ "संस्थापक" भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा निरन्तर सहयोग पुर्याउने व्यक्तिलाई सम्झनु पर्छ ।

१.२.७ "शिक्षाप्रेमी बुद्दीजिवी" भन्नाले शिक्षा प्रित सकारात्मक सोंच भएका वा सामाजिक विकास र शैक्षिक चेतना अभिवृद्दीमा टेवा पुर्याउने व्यक्तिलाई सम्झनु पर्छ ।

१.२.८ "शैक्षिक सत्र" भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको बैसाख १ गते देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनु पर्छ ।

१.२.९ "सदस्य" भन्नाले विद्यालय व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समिति गठन सहयोग समितिका सदस्यहरुलाई सम्झनु पर्छ । यसले अध्यक्ष समेतलाई वुझाउछ ।

## परिच्छेद -२

### उद्देश्य

यो कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

२.१ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरु छनौट गर्न सहयोग पुर्याउने ।

२.२ गाँउ शिक्षा ऐनको परिच्छेद ३ को दफा १९ र उपदफा १ बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन प्रकृयामा सहयोग पुर्याउने ।

## परिच्छेद -३

### विद्यालय व्यवस्थापन समिति

३.१ सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) उपदफा (ख) र (घ) बमोजिमका सदस्यहरुले आफुमध्येबाट छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफुमध्येबाट छानिपठाएको कम्तिमा एक जना महिला सहित जम्मा चार जना - सदस्य

(ग) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा समितिको सदस्य मध्य एक जना - सदस्य

(घ) स्थानिय समाजसेवी, शिक्षाप्रेमी मध्यबाट गाँउ शिक्षा समितिले मनोनित गरेका दुई जना महिला सहित चार जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफूमध्यबाट छानी पठाएको प्रतिनिधि एक जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

३.२ प्रविधिक तथा व्यवसायिक विषयमा अध्यापन वा तालिम गराइने विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्ला स्तरका उद्योग तथा वाणिज्य महासंघको एक जना र चेम्वर अफ कमर्शको एक जना गरी २ जना आमन्त्रित सदस्य रहनेछन् ।

३.३ विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

३.४ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३.५ संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) विद्यालयको संस्थापक वा लगानी कर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाँउ शिक्षा समितिले छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफुमध्येबाट छानिपठाएको कम्तिमा एक जना महिला सहित जम्मा तीन जना - सदस्य

(ग) विद्यालय निरीक्षक - सदस्य

(घ) स्थानिय समाजसेवी, शिक्षाप्रेमी मध्यबाट गाँउ शिक्षा समितिले मनोनित गरेका एक जना महिला सहित दुई जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको प्रतिनिधि एक जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

## परिच्छेद -४

### विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुको योग्यता

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य हुनको लागि देहाय वमोजिमका योग्यता अवश्यक हुनेछन् ।

४.१ आधारभुत तह संचालित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन न्युतम कक्षा ८ उत्तिर्ण र माध्यमिक तह संचालित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन न्युतम एस.ई.ई वा सो सरह उत्तिर्ण गरेको व्यक्ति हुनु पर्नेछ ।

४.२ विद्यालय व्यवस्थापन समितिका सदस्य हुन कम्तिमा राम्ररी लेखपढ गर्न सक्ने हुनुपर्नेछ ।

४.३ पच्चिस वर्ष पुरा भएको हुनुपर्नेछ ।

४.४ नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुपर्नेछ ।

४.५ नेपाली नागरिक हुनुपर्नेछ ।

४.६ राज्यकोषबाट पारिश्रमिक लिने बहालवाला व्यक्ति नभएको हुनुपर्नेछ ।

४.७ प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको ।

४.८ संस्थागत विद्यालयको संस्थापक वा लगानी कर्ता नभएको।

४.९ आफ्ना छोराछोरी वा नाति नातिनिहरु सामुदायिक विद्यालयमा नै नियमित पठाउने गरेको ।

४.१० मगज नबिग्रेको ।

## परिच्छेद -५

राजिनामा स्वीकृत गर्ने अधिकारी

५.१ विद्यालय व्यवस्थापन समितिको सदस्यको राजिनामा अध्यक्षले स्वीकृत गर्ने छ ।

५.२ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको राजिनामा सोही समितिले गर्ने छ ।

५.३ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको राजिनामा स्वीकृत गर्ने बैठकको अध्यक्षता सो समितिको जेष्ठ सदस्यले गर्ने छ ।

## परिच्छेद- ६

विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था

६.१ विद्यालयको सम्पत्ती हिनामिना गरेमा ।

६.२ विद्यालयको शैक्षिक वातावरण खल्वल्याएमा ।

६.३ नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारको नीति विपरित कार्य गरेमा ।

६.४ संतोषजनक रुपम कार्य गर्न नसकेमा ।

६.५ सम्वन्धित निकाय वा अधिकारीले दिएको निर्देशन पालना नगरेमा ।

## परिच्छेद -७

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति

विद्यालय व्यवस्थापन समिति गठनलाई सहयोग गर्न देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति गठन हुनेछ ।

७.१ गाँउ पालिकाको शिक्षा शाखा प्रमुख - संयोजक

७.२ सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

७.३ सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

## परिच्छेद -८

विविध

८.१ विद्यालयको अभिभावकबाट विद्यालय व्यवस्थापन समितिको सदस्यमा छनौट भएका व्यक्तिको वालवालिका सो विद्यालयबाट अर्को विद्यालयमा गएमा निजको पदाधिकार स्वत समाप्त हुनेछ ।

८.२ एउटा विद्यालयको अध्यक्ष पदमा रहेको व्यक्ति अर्को विद्यालयको सोही पदमा रहन सक्ने छैन्।

८.३ विद्यालय व्यवस्थापन समितिको कार्यविधि सकेसम्म सर्वसम्मत रुपमा गर्नुपर्नेछ । सो सम्भव नभएमा मात्र बहुमतिय अधारमा गर्नुपर्नेछ ।

८.४ विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि गठन मिति भन्दा कम्तिमा पनि सात दिन अगाडी विद्यालयका प्रधानाध्यापकले अभिभावकहरुको सूची प्रकाशन गर्नु पर्नेछ।

८.५ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको छनौट सकेसम्म सर्वसम्मत रुपमा गर्नुपर्नेछ केहीगरि सर्वसम्मत हुन नसकेमा मतदानबाट टुंगाइनेछ ।